# गेरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया
## गाउँपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन सम्बन्धी कार्यको
## Terms of Reference (ToR)

१ **पृष्ठभुमिः**

राजनीतिक तहको पुनःसंरचना संविधानले नै निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय तहका संरचनाहरु निर्वाचनबाट गठन भइसकेका छन् । त्यसैगरी संविधान बमोजिम प्रशासनिक पुनःसंरचनाको टुंगिएको छ । नेपाल एकिकृत शासकिय प्रणालीवाट तहगत शासन प्रणालीमा प्रवेश गरेसंगै यसको प्रशासनिक संरचनमा पुनरावलोकनको आवश्यकता हुनु स्वभाविक देखिन्छ । नेपालको संबिधानको धारा ३०२ अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको छ । ऐनले गरेको ब्यवस्था अनुसार राज्यका तीनै तहको काम, कत्र्वय र अधिकारको आधारमा प्रशासनिक संरचना निर्माण गरी साबिकका निजामती सेवा तथा अन्य सरकारी सेवमा कार्यरत कर्मचारीलाई तीनै तहमा समायोजन गर्ने काम सम्पन्न भएको छ । कर्मचारी समायोजन ऐन, २०७५ ले कर्मचारी समायोजनको कार्य सम्पन्न भए पश्चात स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने ब्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा गाउँपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा गाउँपालिका वा गाउँपालिकामा विषयगत शाखा वा शाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने र त्यस्तो सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्ने ब्यवस्था गरिएको छ ।

शासकिय पद्धतिको भावना अनुरुप जनतालाई विकास तथा सेवा र सुविधा स्थानीय स्तरमा नै उपलब्ध हुने व्यवस्थाको लागि नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले स्थानीय पूर्वाधारको विकास तथा स्थानीय सेवा प्रबाहको पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहहरुले आफुलाई संबिधान र कानूनद्धारा सुम्पिएका जिम्मेवारीहरु पुरा गर्न संबिधान र कानून अनुसार स्थानीय तह

स्वयले परिचालन गर्न सक्ने स्रोत तथा संघ तथा प्रदेशवाट प्रदान गर्ने समानिकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदन र विशेष अनुदान तथा रोयाल्टी जस्ता वित्तिय अधिकारलाई सुनिश्चित गर्ने प्रयास संबिधान र अन्तर सरकारी वित्त ब्यवस्थाजन ऐन, २०७४ समेत गरिएको छ ।

स्थानीय तहको क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी संघ संस्थाहरु तथा सामुदायिक संस्था, औद्यागिक तथा व्यापारिक संघ संस्थाहरु, बुद्धिजिवि वर्ग आदिलाई स्थानीय तहको सर्वागिंण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व पनि सम्बन्धित स्थानीय तह कै हो । यस अर्थमा स्थानीय तहले आफ्नो क्षेत्रमा योजनाकर्ता, कार्यान्वयनकर्ता, सहजकर्ता, सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । यसरी आफ्नो क्षेत्रको विकासमा बहुआयामिक र बहुपक्षिय भूमिकालाई सक्षमतापूर्बक निर्वाह गर्नका लागि स्थानीय तहहरुले आफ्नो संगाठनिक क्षमताको विकासका साथै त्यहाँ कार्यरत व्यक्तिहरुले आफ्नो चिन्तन र व्यवहारमा समेत समयानुकुल परिवर्तन गर्नुपर्ने हुन्छ ।

आजको बदलिदो परिस्थिती अनुरुप स्थानीय जनताका आकक्षालाई पहिचान गर्दै मितव्ययी तथा प्रभावकारी रुपले स्थानीय सेवा प्रबाह गर्न स्थानीय तहहरुको व्यवस्थापकीय तथा सागंठनिक क्षमतामा सुदृढीकरण हुन जरुरी छ । स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय स्तरमा पनि स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण र विकास गर्न पनि अति आवश्यक छ ।

## २ कानूनी आधारः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत

शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्ने, उपदफा २ मा उपदफा ९१० बमोजिमको संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत समावेश भएको हुनु पर्ने, उपदफा ३ मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्ने, उपदफा ४ मा उपदफा ३ बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यर्होने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरवन्दी प्रस्ताव गर्नु पर्ने, उपदफा ५ मा उपदफा ३ बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब,भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्ने, उपदफा ५ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न नसिकने, उपदफा ७ मा गाउँपालिका तथा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने, उपदफा ८ मा यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने, उपदफाः ढ मा उपदफा ७ र ८ बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्माचारीको सेवा अवधि,पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुने उपदफा १० मा यस दफा बमोजिम तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

यसै गरी उक्त ऐनको दफा ८५ मा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा १ मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

सिथानीय तहमा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ, उपदफा २ मा उपदफा १ बमोजिम कर्मचारी समायोजन नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवा तथा स्थानीय तहमा कर्यरत कुनै कर्मचारीलाई स्थानीय तहमा कामकाज गर्न खटाउन सक्नेछ तथा उपदफा ३ मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कर्यरत स्थायी कर्मचारीहरु सम्बन्धित जिल्लाको स्थानीय तहमा खटाउन सकिनेछ र यसरी कर्मचारी खटाउँदा पर्याप्त कर्मचारी नभएका गाउँपालिका र नगरपालिकालाई प्राथमिकता दिइनेछ भन्ने व्यवस्था गरिएको छ ।

यसै गरी सोही एनके दफा ८६ मा स्थानीय सेवाको गठन तथा कर्मचारी नियुक्ति र सेवाको शर्त सम्बन्धी व्यवस्था गरिएको छ । यस दफाको उपदफा १ मा स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुनेऽ उपदफा २ मा उपदफा १ को अधीनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने, उपदफा ३ मा स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्ने तथा उपदफा ४ मा संघ तथा प्रदेशले स्थानीय सेवाका कर्मचारीको अभिलेख तथा विवरण माग गरेमा त्यस्तो अभिलेख तथा विवरण उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

यसै गरी समायोजन ऐन, २०७५ को दफा ३ (१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भईसकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट हेरफेर वा परिमार्जन गर्नसक्नेछ भन्ने व्यवस्था गरिएको छ ।

३ उद्देश्यः

यस कार्यको प्रमुख गाउँपालिकाको संगठन विकास अध्ययन गराइ चुस्त, दुरुस्त संगठन संरचना तयार गर्ने रहेको छ ।

४ अपेक्षित उपलब्धीः

गेरुवा गाउँपालिकाको संगठन संरचना तयार भएको हुनेछ ।

अ) टोली प्रमुख १ जना

- टीम लिडरको योग्यता कम्तिमा स्नातकोत्तर गरी व्यवस्थापन, समाजशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, कानून, आर्थिक, सामाजिक अनुसन्धानको क्षेत्रमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण गरी कम्तीमा दश वर्षको अनुभव भएको हुनपर्नेछ ।

आ) विषय विज्ञ २ जना

- व्यवस्थापनमा तथा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी नीति निर्माण तथा कानूनको क्षेत्रमा कम्तीका ५ वर्षको अनुभव भएको ।

**९ प्रतिवेदनको भाषाः**

नीति तथा कानूनको प्रतिवेदन नेपाली भाषामा हुनेछ । दुई प्रति प्रतिवेदनका साथमा युनिकोडको कालिमाटी फन्टमा पि डि एफ फाइल तथा सफ्टकपी फाइल समेत उपलब्ध गराउनु पर्नेछ ।

**१० खर्चको अनुमान**

यस कार्यका लागि रु ५ लाख लागत अनुमान कायम गरिएको छ । उक्त रकम चालु आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिकाको संगठन विकास अध्ययन गर्ने कार्यका लागि गाउँसभाबाट विनियोजन गरिएको सेवा र परामर्श शिर्षकबाट रु ५ लाख रकम व्यहोरिने छ ।

**११ प्रतिवेदन पेश गर्नुपर्ने समय**

परामर्शदाताले देहाय बमोजिमको निर्धारित कार्यतालिका अनुसार ६० दिनभित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

- सरोकारवाला बीच प्रारम्भिक छलफल सम्झौता भएको १५ दिनभित्र
- मस्यौदा तयारी सम्झौता भएको ३० दिनभित्र
- तयारी मस्यौदा गाउँपालिकामा छलफल सम्झौता भएको ४० दिनभित्र
- अन्तिम प्रतिवेदन तयारी र गाउँपालिकामा पेश सम्झौता भएको ६० दिनभित्र

**१२ बुझाउनुपर्ने प्रतिवेदनहरु**

- मस्यौदा प्रतिवेदन

## ५ परामर्शदाताले गर्नुपर्ने कार्यहरु

- आवश्यक दस्तावेज अध्ययन गरी सूचना संकलन गर्ने ।
- सरोकारवाला निकायहरुसंग छलफल गरी राय सुझाव लिने
- गाउँपालिकाका पदाधिकारीहरुंग निकटमा रही छलफल गरी मस्यौदा तयार गर्ने
- कार्यदलको छलफलमा सहभागी भई निष्कर्ष प्राप्त भएका विषयहरुलाई लिपीबद्ध गरी प्रतिवेदन उपलब्ध गराउने ।

## ६ परामर्शदाताले अध्ययन गर्नुपर्ने दस्तावेजहरु

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थाजन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७५
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम
- गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रम
- गाउँपालिकाको आर्थिक ऐन तथा विनियोजन ऐन
- नेपाल सरकार र प्रदेश सरकारको निति तथा कार्यक्रम
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका यस विषयसंग सम्बन्धित अन्य दस्तावेजहरु ।

## ७ परामर्शदाता संस्थाको योग्यता

- नियमानुसार दर्ता नविकरण भएको
- आर्थिक वर्ष ०७७।७८ सम्मको कर चुक्ता भएको
- सम्बन्धित क्षेत्रमा काम गरेको जनशक्ति भएको ।

## ८ जनशक्तिको योग्यता

प्रस्तुत नीति तथा कानून तयार गर्नका लागि आवश्यक पर्ने जनशक्ति तथा निजहरुको योग्यता यस प्रकार रहेको छ ।

- अन्तिम प्रतिवेदन र प्रस्तुतीकरणका स्लाइडहरु

## १३ भुक्तानीका पक्रिया

भुक्तानी किस्ताको आधारमा गरिनेछ । कुल विनियोजित बजेटको पहिलो ४० प्रतिशत रकम मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतीकरणपछि र बाँकी ६० प्रतिशत रकम अन्तिम प्रतिवेदन पेश भएपछि उपलब्ध गराइने छ । परामर्शदाता संस्थाले नेपाल सरकारद्वारा लगाइने सबै कर वा अन्य शुल्कहरु नियामनुसार तिनुपर्नेछ ।

## १४ निष्कर्ष

उल्लेखित कार्यशर्तका आधारमा रही परामर्शदाताबाट नीति तथा कानूनको मस्यौदा प्राप्त गरी त्यसमा आवश्यकता अनुसार परिमार्जन गरेर स्वीकृतिका लागि गाउँ कार्यपालिका हुँदै गाउँसभामा पेश गरिने छ ।

## गाउँपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन कार्यको लागत अनुमान

| सिन | विवरण | इकाइ | सख्या | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | १ जना टोली प्रमुखको पारिश्रमिक | दिन | ४५ | ५००० | २२५००० |
| २. | २ जना विषय विज्ञ | दिन | २० | ४००० | १६०००० |
| ३. | मसलन्द | एकमुष्ट | | ३०००० | ३०००० |
| ४. | यातायात तथा विविध | एकमुष्ट | | २५००० | २५००० |
| | जम्मा | | | | ४४०००० |
| | मु अ कर १३ प्रतिशत | | | | ५७२०० |
| | कुल जम्मा | | | | ४९७२०० |

**संगठन तथा व्यवस्थापन सर्वेक्षणा अध्ययन प्रतिवेदन कार्यको कार्ययोजना समय सहित**

- सूची दर्ता २०७९।०४।०२ गते
- प्रस्ताव माग गर्ने र कार्यगत शर्त स्वीकृतका लागि टिप्पणी उठाउने २०७९।०४।०३
- प्रस्ताव माग २०७९।०४।०३
- प्रस्ताव दर्ता २०७९।०४।०६ गते
- प्रस्ताव स्वीकृतिका लागि टिप्पणी पेश गर्ने २०७९।०४।०६
- सम्झौता गर्न आउने पत्र तयार गरी पठाउने २०७९।०४।०८
- सम्झौता गर्ने २०७९।०४।१०
- कार्यादेश दिने २०७९।०४।१०
- कार्य प्रारम्भ गर्ने २०७९।०४।१५
- प्रारम्भिक छलफल २०७९।०४।३० भित्र
- मस्यौदा तयारी २०७९।०५।१५ भित्र
- मस्यौदा छलफल २०७९।०५।३० भित्र
- अन्तिम प्रतिवेदन तयारी २०७९।०६।५
- कार्यपालिकामा पेश त्यसपछि